# संसदीय सुनुवाई समितिमा प्रस्तुत गरेको अवधारणा र कार्ययोजना


**प्रस्तुतकर्ता**

**टेकप्रसाद ढुङ्गाना**

न्यायाधीश, उच्च अदालत पाटन


## सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि न्याय परिषदबाट सिफारिस

मार्ग १८, २०८०

काठमाण्डौ

संसदीय सुनुवाई समितिको कार्यविधि २०७५ को दफा १९ बमोजिम सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित व्यक्तिको सुनुवाईको प्रयोजनको लागि पेश गरिएको योग्यता, अनुभव, अभिरुची तथा जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा अवधारणा र कार्ययोजना

*प्रस्तुतकर्ता टेकप्रसाद ढुङ्गाना*

**संसदीय सुनुवाई समितिका माननीय सभापतिज्यू तथा**

**समितिका माननीय सदस्यज्यूहरु**

नेपालको सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पदमा नियुक्तिको लागि नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम न्याय परिषदको मिति २०८०।८।०५ को निर्णयानुसार सिफारिस भई नेपालको संविधानको धारा २९२ बमोजिम संसदीय सुनुवाईको प्रयोजनको लागि सम्मानित समितिको प्रक्रिया बमोजिम लिखित रुपमा यो अवधारणा तथा कार्ययोजना प्रस्तुत गरेको छु। सर्वप्रथम सुशासन, पारदर्शिता र जवाफदेहिताको पवित्र यस स्थानमा यो हैसियतमा उपस्थित हुन पाउने ऐतिहासिक र गौरवमय अवसरको लागि न्याय परिषद र सम्मानित संसदीय सुनुवाई समितिका सबै पदाधिकारीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि प्रस्तावित व्यक्तिको रुपमा मेरो योग्यता, अनुभव, अभिरुची तथा सम्मानित समितिबाट अनुमोदन भई नियुक्ति भएमा उक्त पदको जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा मेरो अवधारणा र कार्ययोजना यस प्रकार रहेको बेहोरा संक्षेपमा बुंदागत रुपमा प्रस्तुत गर्न चाहन्छु।

१. **योग्यता**ः सर्वोच्च अदालतको न्यायाधीशको लागि नेपालको संविधानको धारा १२९ को उपधारा (५) मा आधारभुत योग्यता तोकिएको छ । उक्त पदको संवैधानिक योग्यता मध्ये पहिलो वर्गमा पर्ने कार्यरत न्यायाधीशहरु **(Career Judges)** मध्येबाट सिफारिस गर्न कानूनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको रुपमा कम्तिमा पाँच वर्ष काम गरेको योग्यता आवश्यक पर्ने देखिन्छ। म यही वर्गबाट सिफारिसमा परेको व्यक्ति हुँ। मैले त्रिभुवन विश्वविद्यालयबाट संवैधानिक कानूनमा प्रथम श्रेणीमा प्रथम स्थान (स्वर्णपदक) सहित स्नातकोत्तर तह (एल.एल.एम.) उपाधि हासिल गरेको छु । विगत २०७३ साल पौष २९ गते देखि उच्च अदालतको न्यायाधीशमा नियुक्त भई करिब ७ वर्ष न्याय सम्पादनको कार्य अनुभव मसंग रहेको निवेदन गर्दछु।

२. **अनुभव**: सर्वोच्च अदालत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको उच्चतम न्यायालय रहेको, संविधानको संरक्षक, जनताको मौलिक हकको पहरेदार, संविधान र कानूनको अन्तिम व्याख्याता र संघीय इकाईहरुको वीच उत्पन्न हुने सक्षमता सम्बन्धी विवादको निरुपण गर्ने राज्यको एक महत्वपूर्ण अङ्गको रुपमा रहेकोले त्यस्तो सम्मानित संस्थाको न्यायाधीशको पदमा आसीन हुने व्यक्ति बहुआयामिक अनुभवले खारिएको, परिपक्व, न्यायशील र उच्च नैतिकतायुक्त समेत हुन जरुरी हुन्छ भन्ने मलाई लाग्दछ । उक्त सम्मानित पदको लागि मेरो अनुभवको बारेमा भन्नु पर्दा आज भन्दा २९ वर्ष अघि नेपाल न्याय सेवाको शाखा अधिकृत पदमा सेवा प्रवेश गरी उपसचिव, सहसचिव र सचिवको पदमा समेत कार्यरत रही विगत सात वर्ष देखि उच्च अदालतको न्यायाधीशको रुपमा न्याय सम्पादनको कार्यमा संलग्न रहेको छु।

शाखा अधिकृत हुंदा देखि नै नेपालको सर्वोच्च अदालतका स्वनामधन्य पूर्वप्रधान न्यायाधीशहरु स्व. त्रिलोकप्रताप राणा, स्व. ओमभक्त श्रेष्ठ, श्री केदारनाथ उपाध्याय, श्री दिलीपकुमार पौडेल, स्व केदारप्रसाद गिरी, श्री मीनबहादुर रायमाझी, श्री अनुपराज शर्मा, श्री खिलराज रेग्मी र श्री कल्याण श्रेष्ठ तथा पूर्व न्यायाधीशहरु स्व. लक्ष्मण प्रसाद अर्याल, स्व. केदारनाथ आचार्य, स्व. उदयराज उपाध्याय, श्री कृष्णजङ्ग रायमाझी, श्री टोपबहादुर सिंह, श्री अरबिन्दनाथ आचार्य, श्री बलराम के.सी. समेतको इजलास सहायक को रुपमा फैसला लेखनको कार्यमा संलग्न भई २,००० भन्दा बढी फैसला तयार गरेको अनुभव मसंग रहेको छ। अत्यन्त अनुभवी, निष्ठावान र सक्षम न्यायमूर्तिहरुको सामिप्यताले न्यायिक स्वच्छता, निष्पक्षता र सक्षमताको कार्यशैली मेरो जीवनपद्दतीको रुपमा विकसित भएको मैले अनुभूति गरेको छु।

३३ वर्षको कलिलो उमेरमा नै वि सं २०६२ सालमा नेपाल न्याय सेवा, कानून समुहको सहसचिव पदमा लोकसेवा आयोगको खुला प्रतियोगितात्मक लिखित तथा मौखिक परीक्षाबाट उत्तिर्ण भई कार्यरत हुन पुगेको थिएँ। सहसचिवको रुपमा कार्यरत रहदा मेरो सरकारी सेवाको करिव एकतिहाई अवधि यही संसद सचिवालयको कानूनी सल्लाहकारको रुपमा व्यतित गरेको छु । पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठक देखि प्रतिनिधिसभाको घोषणा, अन्तरिम संविधान जारी, संविधानसभाको पहिलो बैठक र गणतन्त्रको घोषणा तथा दोस्रो संविधानसभाबाट नेपालको संविधान जारी भएको ऐतिहासिक दिनसम्मका सबै कालजयी घटनाक्रम तथा त्यस वीचमा भएको संविधान निर्माण र कानून निर्माण कार्यका सबै परिघटनाहरुको प्रत्यक्ष साक्षी बन्ने दुर्लभ अवसर पाएको छु, अनुभव संगालेको छु।

पहिलो संविधानसभाको कानूनी सल्लाहकार, संवैधानिक समितिको सचिव, विवाद समाधानको लागि गठित शिर्ष नेताहरुको उच्चस्तरीय कार्यदलको सदस्य सचिव तथा दोस्रो संविधान सभाको संविधान मस्यौदा

समितिमा संविधान मस्यौदा विज्ञ (Drafting Expert) को रुपमा कार्यरत रही नेपालको अन्तरिम संविधान २०६३ तथा वर्तमान नेपालको संविधान मस्यौदाको प्रत्यक्ष एवं बृहत संस्मरण मेरो मानसपटलमा जीवन्त बनेर बसेका छन । तत्पश्चात कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्जुमा महाशाखा प्रमुख, राष्ट्रपति कार्यालयको सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव भई नेपाल सरकारको सेवा गरेको छु। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव हुंदा मुलुकी ऐनलाई प्रतिष्थापन गर्न बनेका देवानी तथा फौजदारी संहिताहरुमाथि संसदीय समितिमा दफावार हुंदा विधेयकको प्रतिरक्षा गरी पारित गर्नमा सरकारको तर्फबाट निर्णायक पहल गरेको छु भने नेपालको संविधान बमोजिम बनाउनुपर्ने कानुनको पहिचान गरी आवश्यक विधेयक मस्यौदा गर्ने कार्यको नेतृत्व समेत गरेको छु। राष्ट्रपति कार्यालयको सचिव हुंदा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिला राष्ट्रपति सम्माननीय डा. श्री रामबरण यादव र दोस्रा राष्ट्रपति सम्माननीय श्रीमती विद्यादेवी भण्डारीसंग कार्यसम्पादन गर्ने अवसर मेरो लागि अविष्मरणीय रहेको छ।

मिति २०७३ साल पौष २९ गते देखि उच्च अदालतको न्यायाधीश नियुक्त भई उच्च अदालत पाटन, उच्च अदालत विराटनगरको इलाम इजलास, उच्च अदालत तुलसिपुरको नेपालगञ्ज इजलास र राजश्व न्यायाधिकरण काठमाण्डौको अध्यक्ष भई निरन्तर सेवारत रहदा करिब ३,५०० थान भन्दा बढी मुद्दाको फर्छ्यौट गरेको छु। यस क्रममा सम्माननीय प्रधान न्यायाधीशबाट करिव पाँच वर्षसम्म उच्च अदालतको वाणिज्य इजलासमा मुद्दा हेर्ने गरी तोकिएको कारण कम्पनी, वाणिज्य तथा बैकिङ्ग प्रकृतिका करिब १,५०० थान मुद्दाहरु र विगत २१ महिना देखि राजश्व न्यायाधिकरण काठमाण्डौको अध्यक्ष तोकिएको कारण करिब १,२०० भन्दा बढी कर भन्सार लगायतका राजश्व सम्बन्धी मुद्दाहरुको फर्छ्यौट गरी यस सम्बन्धी विवाद निरुपणको विशिष्ट अनुभव हासिल गरेको निवेदन गर्दछु।

उच्च अदालतको न्यायाधीशमा कार्यरत रहदा सर्वोच्च अदालतको पूर्ण बैठकले सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाको संयोजकत्वमा गठन गरेको संहिता कानुन कार्यान्वयनको लागि आवश्यक नियमावली र निर्देशिका तर्जुमा समितिको सदस्य, माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईको अध्यक्षतामा गठित सजाय निर्धारण सम्बन्धी मापदण्ड तर्जुमा समिति र संहिता कानुनमा सुधार सम्बन्धी कार्यदलको सदस्य समेत भई न्यायपालिकाको नीतिगत कार्यमा समेत यथेष्ट रुपमा संलग्न भएको छु । न्याय परिषदले २०७५ सालमा माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईको अध्यक्षतामा जिल्ला न्यायाधीशहरु उपर परेका उजुरी सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन दिन गठित जाँचबुझ

समितिको सदस्य भई कार्यसम्पादन समेत गरेको छु। यसरी राष्ट्रप्रमुखको सचिवालयको साथै सरकारका तीनै अंग कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकामा रहेर काम गर्ने दुर्लभ अवसर प्राप्त गरी अनुभव संगालेको छु। योग्यता र अनुभव सम्बन्धी विस्तृत विवरण यस अघि नै न्याय परिषद मार्फत सम्मानित समितिमा प्रेषित वैयक्तिक विवरणमा खुलाएकोले यहाँ पुनरावृत्ति गर्न उपयुक्त देखिएन।

३. **अभिरुची**: संविधान र कानूनको विद्यार्थी भएको कारण न्याय सम्पादनको कार्यमा नै मेरो गहिरो रुची रही आएको छ। पुरानो र जटिल प्रकारको विवाद सम्बन्धी मुद्दाको फर्छयौट गर्न पाउँदा बढी आत्मसन्तुष्टि मिलेको मेरो अनुभूति छ । न्यायाधीश पदले मात्र होइन आचरण, व्यवहार र कार्यशैलीबाट नै आमजनताको नजरमा समेत न्यायमूर्तिको रुपमा देखिनु पर्दछ भन्ने मान्यतामा विश्वास गर्दछु। काम कारवाहीको सिलसिलामा हुने टिप्पणी वा आलोचनाबाट विचलित नहुने र लोकप्रियता वा प्रशंसाको अपेक्षा नगर्ने बानी एवं व्यवहार बिकसित गर्ने प्रयास गरिरहेको छु। म निष्ठावान र सदाचारी भएर मात्र पुग्दैन सो कुरा समाजलाई अनुभूति हुनुपर्दछ भन्ने कुरामा सजग र सचेत छु । इमान्दारिता, निष्पक्षता र निष्ठापूर्वक न्यायिक कार्यमा समर्पण र मातृभूमिको निश्वार्थ सेवा बाहेक मेरो अरु कुनै प्राथमिकता र रुची रहेको छैन र आगामी दिनमा पनि रहने छैन।

## ४. सर्वोच्च अदालतको कार्यसम्पादन सम्बन्धी मेरो अवधारणा र कार्ययोजना

### ४.१ संवैधानिक जिम्मेवारी

राज्यको तर्फबाट प्रत्येक व्यक्तिलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष र प्रभावकारी न्यायको प्रत्याभूति दिनु नै सर्वोच्च अदालतको संवैधानिक जिम्मेवारी हो। यो जिम्मेवारी निर्वाह गर्दा संविधानवादको प्रवर्द्धन, कानुनी राज्यको मूल्य र मान्यताको सुदृढीकरण, न्यायिक पुनरावलोकन, जनताका मौलिक संवैधानिक, कानुनी हक तथा मानव अधिकारको रक्षा र प्रचलन, सार्वजनिक हित र सरोकारको प्रश्नमा समावेश विवादको निरुपण, मातहतका अदालत र न्यायिक निकायबाट भएका फैसलाको परिक्षण, मातहतका अदालत र न्यायिक निकायको निरीक्षण र न्यायिक स्वतन्त्रता र स्वायत्तताको जगेर्ना नै सर्वोच्च अदालतबाट संस्थागत रुपमा निरन्तर सम्पादन गर्नुपर्ने कामहरु हुन । न्यायप्रतिको विश्वास र अनुभूतिलाई जनस्तरमा निरन्तर अक्षुण्ण राखी राज्यको बैधता र प्रभावकारीता अभिबृद्धि गर्नु सर्वोच्च अदालतको पनि कर्तव्य हो। सर्वोच्च अदालतको एक न्यायाधीशको हैसियतले यी सबै काम कारवाहीमा अग्रसर भई क्रियाशिल रहनु मेरो पनि प्रमुख वैयक्तिक जिम्मेवारी हुनेछ।

### ४.२ नेपालको न्यायपालिकाको संक्षिप्त झलक

नेपालको संविधानले न्याय सम्बन्धी अधिकार प्रयोग गर्नको लागि सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहको नियमित अदालतको एकिकृत संरचना तथा केही विशिष्टीकृत अदालत, न्यायिक निकाय र न्यायाधिकरण गठन गर्न सकिने व्यवस्था गरेको छ । सर्वोच्च अदालतमा २१ जना न्यायाधीश रहने संवैधानिक व्यवस्था रहे पनि हाल १४ जना न्यायाधीशमात्र कार्यरत रहनुभएको अवस्था छ। सर्वोच्च अदालतमा पाँचजनाको संवैधानिक इजलास सहित आवश्यकता अनुसार एक न्यायाधीशको इजलास, संयुक्त इजलास र पूर्ण इजलासको गठन गरी मुद्दाको कारवाही, सुनुवाई र निरोपण गरिन्छ । वि. सं. २०८० साल मार्ग १५ गतेसम्मको तथ्याङ्कलाई हेर्दा सर्वोच्च अदालतमा यो आ. व. मा जम्मा मुद्दाको संख्या ३२,६७१ रहेको र हालसम्मको फर्छयौट संख्या ४,६९९ भई बाँकी मुद्दाको संख्या २७,९७२ रहेको देखिन्छ । जस मध्ये दुईवर्ष अवधि नाघेका मुद्दा १५,०७८ रहेका छन भने पाँच वर्ष पुराना मुद्दाको संख्या ४,३२९ रहेको देखिएको छ ।

हरेक प्रदेशमा उच्च अदालत ७ वटा र तीनका इजलास ११ वटा गरी जम्मा १८ स्थानमा विस्तारित उच्च अदालतमा कुल न्यायाधीशको दरबन्दी १६० रहेकामा हाल १३२ जना मात्र न्यायाधीश कार्यरत रहेको अवस्था छ । सबै उच्च अदालतहरुमा विचाराधीन मुद्दाको वि. सं. २०८० साल कार्तिक मसान्तसम्मको तथ्याङ्क हेर्दा मुद्दाको संख्या ३७,३१० रहेको र चार महिनाको फर्छयौट संख्या ८,१६५ भई बाँकी मुद्दाको संख्या २९,१४५ रहेको देखिन्छ । जस मध्ये दुईवर्ष अवधि नाघेका मुद्दा ९५९ मात्र रहेको अवस्था देखिन्छ ।

७७ वटा जिल्ला अदालतमा कुल जिल्ला न्यायाधीशको दरबन्दी २८७ रहेकोमा हाल २७४ जना न्यायाधीशहरु कार्यरत रहेको अवस्था छ । सबै जिल्ला अदालतहरुमा विचाराधीन मुद्दाको तथ्याङ्क हेर्दा २०८० साल कार्तिक मसान्त सम्म मुद्दाको संख्या १,५६,९८६ रहेको र चार महिनाको फर्छयौट संख्या ३५,०३५ भई बाँकी मुद्दाको संख्या १,२१,९५१ रहेको देखिन्छ । जस मध्ये दुईवर्ष अवधि नाघेका मुद्दा ८९४२ मात्र रहेको अवस्था देखिन्छ ।

विशिष्टीकृत न्यायिक निकाय तर्फ विशेष अदालत, श्रम अदालत, प्रशासकीय अदालत, सैनिक विशेष अदालत, राजस्व न्यायाधिकरण, बैदेशिक रोजगार न्यायाधिकरण र ऋण असुली न्यायाधिकरण लगायतका निकायहरु क्रियाशिल रहेको देखिन्छ।

### ४.३ न्यायपालिकाका विद्यमान सवालहरु

आधुनिक राज्यलाई एउटा गतिशिल र जिवन्त बनावट (**Living Dynamic Organism**) मानिएको छ। सोही जीवन्त बनावटको एक अङ्ग हुनाको नाताले न्यायपालिकालाई लोकतन्त्रको पहरेदार र नागरिक स्वतन्त्रताको रक्षकको रुपमा राज्यको सबैभन्दा कम खतरनाक अङ्ग भनी अमेरिकी संविधानका पिता अलेक्जेण्डर ह्यामिल्टनले अर्थाएको पनि दुई सय वर्ष भन्दा बढी व्यतित भई सकेको छ। एउटा गतिशिल राज्यको महत्वपूर्ण संस्थामा निरन्तर चुनौति र सवालहरु देखा पर्नुलाई अस्वाभाविक मान्नु हुदैन। यी सवालहरुले नै संस्थालाई अन्तरसम्वादको अवसर प्रदान गरी प्रगति र उन्नतिको पथमा डोऱ्याउन मद्दत पनि गरिरहेका हुन्छन । हाम्रो देशमा राज्यको स्वतन्त्र र अलग अङ्गको रुपमा न्यायपालिकाले स्थापनाको करिव ८३ वर्षको इतिहास पार गरेको छ। आजको दिनमा नेपालको न्यायपालिकासंग सम्बन्धित महत्वपूर्ण सवालहरुमा *संविधानको संरक्षण र संवैधानिक नैतिकताको प्रवर्द्धन, अदालतको क्षेत्राधिकार पुनरावलोकन, पाचौ रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयनको लागि बजेटको सुनिश्चितता, पुराना बक्यौता मुद्दाको सीघ्र फर्छ्यौट, फरक मुद्दा पद्धतिको प्रभावकारी कार्यान्वयन, अदालतबाट भएका फैसलाको छिटो छरितो कार्यान्वयन, पीडित क्षतिपूर्ति प्रणालीको कार्यान्वयन, न्यायिक सुशासनमा जोड, सूचना प्रविधिको उच्चतम प्रयोग, संहिता कानूनमा सुधार र परिमार्जन, सजाय निर्धारण सम्बन्धी मार्गदर्शनको विकास र विस्तार, न्यायिक जनशक्तिको हकहितको सुरक्षा र क्षमता अभिबृद्धि,न्यायमा पहुँच अभिबृद्धि आदि* हुन भन्ने मेरो धारणा रहेको छ । यीनै सवालहरुलाई केन्द्रविन्दुमा राखेर न्यायपालिकाका रणनीतिक योजनाहरु बनेकोले सो को कार्यान्वयनको लागि सर्वोच्च अदालतको पूर्ण बैठकमा हुने छलफल र सम्माननीय प्रधान न्यायाधीशबाट थालनी गरिने हरेक सुधारका कार्यमा मेरो सक्रिय सहभागिता र सकरात्मक परिणाम प्राप्त गर्ने इमान्दार प्रयास हुनेछ।

### ४.४ भावी कार्ययोजना र प्रतिबद्धता

सर्वोच्च अदालतको न्यायाधीश पद कुनै सङ्ठनको नेतृत्व गर्ने पद नभै सम्माननीय प्रधान न्यायाधीशको न्यायिक नेतृत्वमा न्याय सम्बन्धी अधिकार प्रयोग गर्न सर्वोच्च अदालतमा गठन हुने विभिन्न इजलासमा रही सामूहिक रुपमा कार्यसम्पादन गरी न्यायिक परिणाम दिने पद हो। त्यसैले यो पदको हकमा कुनै व्यक्तिगत कार्ययोजना र लक्ष्य कार्यान्वयनयोग्य हुन सक्ने अवस्था रहदैन। संविधान र कानूनले सुम्पेको जिम्मेवारीलाई इमानदारीतापूर्वक सम्पन्न गर्न सम्माननीय प्रधान न्यायाधीशले संसदीय सुनुवाईका बखत सम्मानित

समितिमार्फत जनतासमक्ष जनाउनु भएको प्रतिबद्धता नै हाम्रो संस्थागत प्रतिबद्धता हो। त्यही नै हाम्रो कार्ययोजना पनि हो। न्यायपालिकाको रणनीतिक योजना प्रति पुरै स्वामित्वभाव स्थापित गरी कार्यान्वयनलाई हरसम्भव टेवा दिने कार्यशैली अपनाउने प्रतिबद्धता व्यक्त गर्दछु। यस क्रममा देहायका विषयहरुलाई प्राथमिकतामा राखी निरन्तर क्रियाशिल रहने मेरो प्रयास हुनेछ।

### ४.४.१ संविधानको संरक्षण र संवैधानिक नैतिकताको सुदृढिकरण

सर्वोच्च अदालत नै संविधानको संरक्षक र अन्तिम व्याख्याताको विशिष्ट स्थान र भुमिकामा रहेको छ। नेपालको संविधानको मर्म र भावना बमोजिम संघीय शासन अनुकुलको संस्कृति र आन्तरिक मानकहरु निर्माण गर्ने दायित्व समेत सर्वोच्च अदालतमा नै निहित छ। बाझिएका कानूनहरुको संवैधानिक परीक्षण गर्ने न्यायिक पुनरावलोकनको क्षेत्राधिकार सहित संघीय ईकाईहरुको सक्षमता सम्बन्धी विवाद, संघीय तहको र प्रदेश तहको निर्वाचन सम्बन्धी विवाद र सदस्यहरुको योग्यता सम्बन्धी विवादको छिटो छरितो समाधान गरी Electoral Justice प्रत्याभूत गर्ने संवेदनशिल जिम्मेवारी मूलतः सर्वोच्च अदालतको संवैधानिक इजलासमा रहेको छ। संघीय शासन प्रणाली प्रभावकारी र सफल रहेका संयुक्त राज्य अमेरिका, जर्मनी,स्वीटजरल्याण्ड, क्यानडा, दक्षिण अफ्रिका र रुसी महासंघको न्यायप्रणालीको स्थलगत अध्ययन अवलोकनबाट हासिल गरेको अनुभवमा आधारित रहेर हाम्रो संवैधानिक इजलासलाई क्रियाशिल र प्रभावकारी बनाउन सम्माननीय प्रधान न्यायाधीशज्यूलाई ठोस कार्ययोजनाको साथ सहयोग गर्ने इच्छा राखेको छु। हाल हप्ताको दुई दिन संवैधानिक इजलास गठन हुने आन्तरिक कार्यतालिकामा परिमार्जन गरी हप्तामा कम्तीमा तीन दिन संवैधानिक इजलास गठन हुने, प्रारम्भिक सुनुवाई मुद्दा दर्ताको १५ दिन भित्र गरिसक्ने र अन्तिम सुनुवाई छ महिना भित्रमा गरिसक्ने गरी कार्यविधि व्यवस्थित गर्न उपयुक्त हुन्छ भन्ने मेरो मान्यता छ। संवैधानिक इजलासको सदस्यको रुपमा जिम्मेवारी निर्वाह गर्ने अवसर आएमा संविधान निर्माणमा रहेको मेरो भुमिका, सहभागिता र हरेक संवैधानिक विषयवस्तुको तर्जुमा गरिरहंदा संविधान निर्माताले राखेको उद्धेश्य (Intent of the Maker) सहितको प्रत्यक्ष संस्मरणलाई संवैधानिक लोकतन्त्रलाई अझ सुदृढ र उन्नत बनाउदै उपयुक्त संवैधानिक सँस्कृति निर्माणको लागि उपयोग गर्न सक्छु भन्ने लागेको छ। हामी न्यायाधीशले न्यायाधीशको आचार संहिता अनुकुल सदैव सदाचारी भई उच्चस्तरको संवैधानिक नैतिकतालाई साकार पार्ने लक्ष्य राख्न आवश्यक छ भन्ने मलाइ लाग्दछ।

### ४.४.२ अदालतको क्षेत्राधिकार पुनरावलोकन

संविधान र कानूनमा रहेको अदालतको क्षेत्राधिकारसम्बन्धी विद्यमान कानूनी व्यवस्थाबाट सर्वोच्च अदालतको कार्यबोझ अत्यधिक वृद्धि भई न्याय सम्पादनमा अनावश्यक विलम्ब हुने अवस्था सिर्जना भएको महशुस गरेका छौ। राजश्व चुहावट, बैकिङ्ग कसूर लगायतका सम्बन्धित कानूनमा समयानुकुल संशोधन गर्नु पर्ने देखिएको छ । यस सम्बन्धी केही विधेयकहरु संघीय संसदमा पुगी सकेका छन । संघीय राज्य व्यवस्थाको मर्म बमोजिम स्थानीय तह र प्रदेश तहबाट बनेका कानूनको संवैधानिकता परिक्षण गर्ने अधिकार क्षेत्र उच्च अदालतमा हुने व्यवस्था गर्न उपयुक्त हुने अनुभवले देखाएको छ। यसको लागि संविधानमा नै परिमार्जन पनि आवश्यक हुन सक्छ । प्रदेशमा रहेको विशेषता र विशिष्टता अनुकुल प्रादेशिक संवैधानिक सँस्कृतिको विकास गर्न पनि यो आवश्यक हुनेछ। अन्यथा सबै विवाद संवैधानिक इजलासमा जम्मा भएर संवैधानिक इजलासलाई क्रियाशिल बनाउन र समयमा संवैधानिकताको परीक्षण निरोपण गर्न नसक्ने अवस्था सृजना हुने जोखिम छ। सबै तहका अदालत, न्यायाधिकरण तथा विशिष्टीकृत अदालतहरूको क्षेत्राधिकारसम्बन्धी कानूनी व्यवस्था पुनरावलोकन गरी अपवादात्मक अवस्थामा बाहेक सबै किसिमका सुरू मुद्दा हेर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई प्रदान गर्ने व्यवस्था गर्नुपर्छ। उच्च अदालतलाई पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गत अन्तिम फैसला गर्ने अधिकार प्रदान गर्न आवश्यक पहल गर्नु पर्नेछ। सरकारी कोषबाट पारिश्रमिक खाने राष्ट्रसेवकसंग सम्बन्धित जुनसुकै र जस्तोसुकै विवादको निरुपण प्रशासकीय अदालतबाट हुने गरी सो अदालतको क्षेत्राधिकार विस्तार गरिनु पर्दछ। अदालत एवम् न्यायाधिकरणहरूको क्षेत्राधिकार पुनरावलोकन गरी समसामयिक सुधार गर्न सर्वोच्च अदालतको न्यायाधीशको संयोजकत्वमा उच्चस्तरीय अधिकारक्षेत्र पुनरावलोकन समिति गठन गर्ने प्रतिबद्धता सम्माननीय प्रधान न्यायाधीशज्युबाट व्यक्त भइ सकेको छ। उक्त समितिलाई आफ्नो ज्ञान, अनुभव र सीप अनुकुलको सहयोग गरी कार्यसम्पन्न गर्न उत्प्रेरित गरिनेछ ।

### ४.४.३ पाचौ रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयनको प्रभावकारीता

२०६१ सालदेखि नै नेपालको न्यायपालिकाले योजनाबद्ध सुधारको अवधारणालाई आत्मसात् गरेको हो । योजनाबद्ध सुधारको प्रक्रियालाई निरन्तरता दिँदै अहिले न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा रहेको छ । यस हिसाबले न्यायपालिकामा योजनावद्ध सुधारको करिब दुई दशकको अवधि व्यतीत हुन लागेको छ। न्यायपालिकामा रणनीतिक योजनाहरूको कार्यान्वयनबाट महत्वपूर्ण उपलब्धिहरू हासिलसमेत भएका छन् । मुद्दा फछ्यौंटको औसत दर बढेर गएको छ । पुराना मुद्दाहरूको बक्यौता न्यूनीकरणतर्फ समेत क्रमशः सुधार हुँदै आएको अवस्था छ। उच्च र जिल्ला अदालतहरुमा २ वर्ष

पुराना मुद्दाहरुको संख्या करिब सुन्य हुने अवस्था छ । तथापी योजनाको कार्यान्वयनमा सबैले स्वामित्व नलिने, योजनाले प्रक्षेपण गरेको तुलनामा अत्यन्त न्यून बजेटको उपलब्धता भई साधन स्रोतको कमी मुख्य समस्या र चुनौतीको रूपमा देखिएका छन्। हामीले न्यायपालिकालाई राष्ट्रिय बजेटको १ प्रतिशत बजेटको माग निरन्तर गरिरहेका छौ तर स्थिति कस्तो छ भने वि. सं. २०६१ सालमा न्यायपालिकालाई विनियोजित बजेट ०.५७ प्रतिशत रहेकोमा चालु आ. व. मा यो ०.४३ प्रतिशत मात्र विनियोजन हुन सकेको देखिन्छ। न्यायपालिकाका सबैजसो योजनाले प्रक्षेपण गरेको बजेटको तुलनामा करिव १८ प्रतिशत बजेट मात्रै उपलब्ध भएको निराशाजनक अवस्था छ । आगामी आषाढ मसान्तदेखि चौथो योजनाको अवधि समाप्त हुने भएकाले यही अवधिभित्र पाँचौ योजनाको तर्जुमा गर्नुपर्ने अवस्था छ । आगामी रणनीतिक योजनामा मुद्दा फर्छ्यौटको साथमा गुणस्तरीय फैसला लेखनलाई समानान्तर गतिविधिको रुपमा राखी हरेक हप्ता हरेक न्यायाधीशको लागि फैसला तथा आदेश तयारी गर्न समय व्यवस्थापन गर्ने कुरालाई जोड दिनु पर्ने देखेको छु। सजाय निर्धारण सम्बन्धी मार्गदर्शन विकास र विस्तारको गतिविधि समेत थप गर्न उपयुक्त हुनेछ।

### ४.४.४ पूराना बक्यौता मुद्दा न्यूनीकरणका लागि विशेष सक्रियता

२०८० साल मार्ग १५ गतेसम्मको तथ्याङ्कलाई हेर्दा सर्वोच्च अदालतमा यो आ. व. मा जम्मा मुद्दाको संख्या ३२,६७१ रहेको र हालसम्मको फर्छ्यौट संख्या ४,६९९ भई बाँकी मुद्दाको संख्या २७,९७२ रहेको देखिन्छ । जस मध्ये दुईवर्ष अवधि नाघेका मुद्दा १५,०७८ रहेका भने पाँच वर्ष पुराना मुद्दाको संख्या ४,३२९ रहेको देखिएको छ । यसलाई दृष्टिगत गर्दा सर्वोच्च अदालतमा पुराना बक्यौता मुद्दाको न्युनीकरण गर्ने विषय नै सर्वाधिक पेचिलो र महत्वपूर्ण देखिन्छ। पुराना बक्यौता मुद्दाको सीघ्र फर्छ्यौटको लागि सर्वोच्च अदालतमा हाल कार्यान्वयनमा रहेको योजना र रणनीति अनुरुप मुद्दा फर्छ्यौटको कार्यमा आफूलाई पूर्ण रुपमा समाहित गर्नेछु । सर्वोच्च अदालतमा राजश्व सम्बन्धी र बैकिङ्ग तथा वाणिज्य सम्बन्धी धेरै बक्यौता मुद्दाहरु बाँकी रहेको जानकारी मलाई रहेको छ । उच्च अदालत पाटन तथा राजश्व न्यायाधीकरण काठमाण्डौमा कार्यरत रहँदा हासिल गरेको अनुभवलाई उपयोग गर्दै त्यस प्रकृतिका मुद्दाको छिटो छरितो र प्रभावकारी फर्छ्यौटमा योगदान दिन सक्छु भन्ने पूर्ण विश्वास मनमा राखेको छु।

### ४.४.५ फरक मुद्दा पद्धति (DCM) को प्रभावकारी कार्यान्वयन

न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरे बमोजिम अदालतको समय, स्रोत साधनको उच्चतम सदुपयोग र समग्र प्रक्रियालाई पूर्व अनुमानयोग्य, पारदर्शी तथा सहभागिता मुलक बनाउने

लक्ष्य सहित मुद्दा व्यवस्थापनको अत्याधुनिक प्रणालीको रुपमा विकसित भएको फरक मुद्दाका लागि फरक व्यवस्थापन पद्दती (Differentiated Case Management System) हाम्रो न्यायपालिकामा लागू भइसकेको छ । अदालतमा दर्ता हुने समग्र मुद्दालाई तीन मार्ग समूहमा विभाजन गरी सरल मार्ग समूहका मुद्दाहरुलाई ६ महिना भित्र, सामान्य मार्गसमूहका मुद्दाहरुलाई १२ महिना भित्र र विशेष मार्ग समूहका मुद्दालाई १८ महिनाभित्र फर्छयौट गरिसक्ने लक्ष्य निर्धारण गरिएको छ। विगत २०७७ साल साउन १ गतेदेखि जिल्ला अदालतहरुमा र भाद्र १ गते देखि उच्च अदालतहरुमा लागू भएको फरक मुद्दा व्यवस्थापन पद्दतीको कार्यान्वयनबाट मिश्रित उपलब्धी हासिल भएको देखिन्छ । उच्च अदालतमा कार्यरत रहदा प्राप्त यस सम्बन्धी अनुभवलाई उपयोग गर्दै सर्वोच्च अदालतमा छिट्टै नै यो पद्दती कार्यान्वयन गर्ने दिशामा हुने तयारीमा आवश्यक सहभागिता जनाई योगदान दिने सोच मैले बनाएको छु।

### ४.४.६ अदालतबाट भएका फैसलाको कार्यान्वयन सुनिश्चितता

वास्तविक न्यायको अनुभूति फैसलाको कार्यान्वयनबाट मात्र हुन सक्दछ। कार्यान्वयन नहुने फैसला जतिसुकै सुन्दर वाक्यमा कुदिएको वा गम्भीर तर्कमा आधारित भएको भएपनि त्यसको आफैमा कुनै औचित्य सावित हुन सक्दैन। हाल उच्च अदालतबाट रिट क्षेत्राधिकार अन्तर्गत भएका आदेश र फैसलाको कार्यान्वयन गर्ने संरचना नै ठोस रुपमा परिभाषित छैन। यस सम्बन्धमा निकट भविष्यमा नै समर्पित संरचना तयार गर्न आवश्यक देखिएको छ । फैसला कार्यान्वयन नभएर अदालतको अवहेलना मुद्दा दर्ता गर्न न्यायपेक्षी जनता बाध्य भई रहेका छन। सरोकारवाला निकायको सहयोग र समन्वय तथा आवश्यक स्रोत साधनको कमीको कारण बक्यौता कैद र जरिवाना असुली अपेक्षित रुपमा न्यून रहेको स्थिति छ । सरकारवादी फौजदारी मुद्दाहरुमा ठहर भएको कैद जरिवाना असूलीको कार्यको जिम्मेवारी कार्यपालिकाले लिन ढिला भई सकेको छ । विगतमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा कार्यरत रहदा अदालतबाट भएका फैसलाको कार्यान्वयनमा कार्यपालिकाको भुमिकालाई कानुनी रुपमा नै सुनिश्चित गर्दै कसूरजन्य सम्पत्ति (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० जारी गर्न पहल गरेको र सम्पत्ति व्यवस्थापन विभागको स्थापना भई सकेको अवस्था छ। यसले अदालतको फैसला कार्यान्वयनको कार्यबोझलाई घटाउन र कार्यपालिकाको दायित्व बृद्धि गर्न ठोस मद्दत गर्नेछ। यस विषयमा राज्यका अन्य निकायहरुसंगको समन्वयका क्षेत्रहरु अझै पहिचान गर्न अदालत प्रशासनलाई थप मार्गदर्शन गर्ने ध्येय राखेको छु। जिल्ला स्थित प्रहरी प्रमुखको कार्य सम्पादनको एउटा आधार अदालतबाट लागेको दण्ड जरिवाना असूलीलाई बनाउन केन्द्रिय न्याय क्षेत्र समन्वय समितिबाट सम्बन्धित निकायलाई अनुरोध गर्ने वातावरण मिलाईनेछ।

### ४.४.७ पीडित क्षतिपूर्ति प्रणालीको प्रभावकारी कार्यान्वयनको पहल

अपराध पीडितको हक नेपालको संविधानले आज समस्त विश्व समुदायलाई दिएको एउटा उदाहरणीय योगदान हो। आफू पीडित भएको मुद्दाको अनुसन्धान अभियोजन र न्याय सम्पादनको कारवाही सम्बन्धी जानकारी पाउने, क्षतिपूर्ति सहितको न्याय तथा पीडितको समाजमा पुनर्स्थापनालाई अपराध पीडितको मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ। यो हकलाई अपराध पीडित संरक्षण ऐन २०७५ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले अझ विस्तार गरेको अवस्था छ। क्रमशः यो हाम्रो राष्ट्रिय न्यायिक पहिचानको विषयको रुपमा स्थापित हुदैछ। यसलाई राष्ट्रिय गौरवको विषयको रुपमा कार्यान्वयनमा लैजान आवश्यक छ । यो कानुनी संरचनाको आलोकमा पीडितमैत्री न्याय प्रणालीलाई प्रभावकारी बनाउनका लागि पीडितलाई क्षतिपूर्ति दिलाउने सन्दर्भमा पीडित राहत कोषको सञ्चालनलाई सरल बनाउने, पीडितलाई तत्काल फैसला सहितको सूचना पठाउने पद्दती बसाल्ने र सबै प्रकारका मुद्दामा प्रारम्भिक रुपमा राज्यका तर्फबाट नै क्षतिपूर्ति दिलाउने र कसूरदारको पहिचान भई उसको फौजदारी दायित्व यकिन भए पछि क्षतिपूर्तिको रकम पीडित राहतकोषमा जम्मा गर्ने (Reimbursement) प्रक्रियालाई संस्थागत गर्न आवश्यक पहल गरिनेछ। मुद्दा विचाराधीन रहेकै बेला अन्तरिम क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्थाले हाम्रो यात्रा सो दिशा तर्फ प्रारम्भ भई सकेको छ।

### ४.४.८ न्यायिक सुशासनमा समर्पण र जोड

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनआकांक्षा पूरा गर्न नेपालको संविधानले हामी सवैलाई दिशानिर्देश गरेको छ। मुलुकको शासकीय सँस्कृतिमा सुशासन अझै मजबुत हुन सकेको छैन। राज्यका करिव सबै अवयवहरु बैधताको संकट (Legitimacy Crisis) बाट गुज्रिरहेको देखिन्छ। न्यायपालिका पनि यही सामाजिक संरचनाको एउटा अंश भएकोले अप्रभावित रहने कुरा भएन। न्यायपालिकाको शक्ति भनेको नै जनताको आस्था र विश्वास हो। न्याय प्रशासनलाई जवाफदेही, उत्तरदायी, पारदर्शी तथा न्यायमा सबैको समान र सहज पहुँच सुनिश्चित गर्न सकेमा मात्र न्यायपालिका प्रति जनताको आस्था प्रभावकारी भई न्यायिक सुशासन कायम गर्न सकिन्छ। न्यायिक सुशासन संस्थागत र व्यक्तिगत दुवै प्रतिबद्धताबाट आर्जन गर्न सकिने मूल्य हो । प्रत्येक सार्वजनिक पदाधिकारीले आफूलाई र आफू कार्यरत संस्थालाई सुशासनको मार्गमा लैजानु परेको छ। व्यक्तिगत स्तरमा समेत कानुनको शासन, इमान्दारिता, उच्च नैतिकता, स्वच्छता, सदाचार तथा चुस्त न्यायिक प्रशासन, आर्थिक अनुशासन एवं सेवाग्राहीमैत्री व्यवहार जस्ता मूल्य मान्यताहरुको अवलम्बन गरी भरोसायोग्य र परिमाणमुखी न्यायिक सुशासन कायम गर्न सदैव समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दछु।

### ४.४.९ सूचना प्रविधिको उच्चतम प्रयोग र आत्मसात

आजको युग नै सुचना प्रविधिको उच्चतम आविष्कार र प्रयोग भएको युग हो। न्यायपालिकामा सूचना प्रविधिलाई संस्थागत गर्न दशवर्षे गुरुयोजना तयार गरी कार्यान्वयन हुदै आएको छ। विभिन्न सफ्टवेयरको निर्माण गरी न्याय सम्पादनका प्रक्रियामा आवद्ध गरिएको छ। मुद्दा व्यवस्थापनमा **Integrated Case Management System** निर्माण गरी लागू भएको छ। यसले सरोकारवालाहरुलाई न्यायिक सुचना लिन र न्यायिक प्रक्रिया माथि पहुँच स्थापना गर्न ठूलो मद्दत गरेको छ। फरक मुद्दा व्यवस्थापन प्रणाली र स्वचालित पेशी व्यवस्थापन प्रणाली, श्रव्य दृश्य सम्वाद मार्फत बहस तथा साक्षी बकपत्र, Courtroom Technology, मुद्दाको अनलाईन दर्ता मूलतः सुचना प्रविधिमा नै निर्भर रहने प्रणालीहरु हुन। सूचना प्रविधि नविकरणीय र छिटो छिटो परिमार्जन गर्नुपर्ने विशेषतायुक्त क्षेत्र हो। न्यायिक प्रक्रियामा Artificial Intelligence को प्रयोगको सम्भाव्यता अध्ययन गर्ने प्रतिबद्धता सम्मानननीय प्रधान न्यायाधीश ज्यूले यस सम्मानित समिति समक्ष व्यक्त गरिसक्नु भएको छ। आफूलाई व्यक्तिगत स्तरमा सुचना प्रविधि मैत्री बनाउदै न्यायिक नेतृत्वले प्रारम्भ गर्ने संस्थागत पहलका सबै चरणमा वाञ्छित योगदान दिने तत्परता हामी सबैमा रहन आवश्यक छ।

### ४.४.१० संहिता कानूनहरुमा सुधार र परिमार्जनमा योगदान

सम्वत २०७४ सालमा नेपालको विधायिकाबाट पारित भई २०७५ साल भदौ १ गतेबाट कार्यान्वयनमा आएका संहिता कानुनहरुले विश्वव्यापी रुपमा विकसित भएका सयौ विषयवस्तु र मान्यतालाई नेपालको न्यायिक प्रणालीमा स्थापित गरेका छन। संहिता कानूनको कारण आज हाम्रो कानुन प्रणाली विश्वव्यापी मानकमा पुगेको छ। पीडितमैत्री न्याय प्रणालीको विकास, अलग सजाय निर्धारण तथा कार्यान्वयन ऐन जारी गरी सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनको प्रणाली स्थापित गर्नमा हामी दक्षिण एशियामा नै अग्रणी मुलुक बन्न सफल भएका छौ। अहिलेको पुस्ताले भावि पुस्तालाई दिएको गौरवमय उपहारको रुपमा यी संहिताहरु रहेका छन। जनस्तरमा लागू हुने संहिता कानून निर्माणमा गरेको यो कालजयी योगदानको लागि यस अवसरमा म तत्कालिन व्यवस्थापिका संसद र माननीय सदस्यहरु तथा सम्बद्ध सबै विज्ञहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। विधेयकको दफावार छलफलको चरणमा नै विधेयक प्रस्तुतकर्ता नेपाल सरकारको तर्फबाट घनिभूत रुपमा भएको छलफलमा सहभागी एउटा पात्रको हैसियतले संहिता कानूनको प्रयोग र पालनामा विशिष्ट योगदान गर्न सक्ने मेरो विश्वास छ। कानूनी सुधार एउटा निरन्तर प्रक्रिया हो। समयको अन्तरालसंगै समाजमा आएको परिवर्तनले कानुनमा परिवर्तनको लागि दिशा निर्देश गरिरहेको हुन्छ। यसै सिलसिलामा संहिता कानूनहरुको संशोधनका क्षेत्रहरु पहिचान गरी विस्तृत सुझाव प्रतिवेदन पुर्ण बैठकको

निर्णयबाट गत भाद्र महिनामा नै कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइ सकिएको छ। उक्त सुझावमा आधारित रहेर तयार हुने विधेयक छिट्टै नै संघीय संसद समक्ष पेश हुने अपेक्षा पनि गर्दछु। संहिताहरुको व्याख्यात्मक टिप्पणी निर्माणमा सहभागिता, संहिताको कार्यान्वयन चरणमा सर्वोच्च अदालतको पूर्ण बैठकले २०७४ सालमा गठन गरेको पहिलो संशोधनको लागि सुझाव सम्बन्धी प्रतिवेदन तयारी समितिमा सहभागिता, पाँच वर्षको यस अवधिमा न्याय सम्पादनमा रहेको सक्रिय सहभागिता र गत वर्ष २०७९ सालमा सर्वोच्च अदालतको पूर्ण बैठकबाट पुनः गठन भएको संहिता कानूनहरुमा गर्नुपर्ने सुधार र परिमार्जन सम्बन्धी सुझाव प्रतिवेदन तयारी समितिको सदस्यको रुपमा आर्जन गरेको अनुभवले भावी दिनमा समेत संहिता कानूनहरुको सुधार र परिमार्जनको प्रक्रियामा थप योगदान दिन सक्ने बलियो आधार सृजना भएको छ।

### ४.४.११ सजाय निर्धारण सम्बन्धी मार्गदर्शनको विकास र विस्तार

नेपालको विधायिकाले अपराध संहिता तथा अन्य विशेष कानूनमा समेत अपराधिकरण गरेका कसूरजन्य कार्यमा कसूरदारलाई हुने सजाय न्यायिक स्वविवेकमा निर्धारण गर्ने फराकिलो अधिकार न्यायाधीशलाई सुम्पेको अवस्था छ। कतिपय कसूरमा त एक दिन देखि २५ वर्षसम्म कैद निर्धारण गर्ने जस्तो अति फराकिलो स्वविवेक न्यायाधीशलाई दिइएको छ। विधायिकाले गरेको यो गहन विश्वासलाई बस्तुगत रुपमा साकार पार्न र कानूनी व्यवस्थाको अधीनमा रहेर हरेक मुद्दामा कसूरदारलाई उपयुक्त सजाय निर्धारण गर्ने, समान प्रकृतिका मुद्दामा सजायको असमानता वा विभिन्नता हुन नदिने र सजाय निर्धारणमा ध्यान दिनु पर्ने सबै पक्षलाई यथोचित ध्यान दिई त्रुटी रहित सजाय निर्धारणमा न्यायाधीशलाई सहजीकरण गर्ने उद्देश्यबाट सर्वोच्च अदालतले मिति २०७५।११।८ मा नै ११ प्रकृतिका कसूरमा सजाय निर्धारण सम्बन्धी मार्गदर्शन जारी गरेको छ। त्यस पछिका पाँच वर्षसम्म थप मार्गदर्शन विकसित र विस्तार गर्न सकिएको छैन। उक्त मार्गदर्शनहरु तर्जुमाको कार्यमा संलग्न रहेकोले यसमा अझ ठोस योगदान दिन सकिने विश्वास म मा रहेको छ। नेपालको सम्बन्धमा यो अत्यन्त नवीन मान्यता भएकोले यसको प्रभावकारी प्रयोगलाई उत्प्रेरित गर्नु पर्ने अवस्था समेत छ। अन्य प्रकृतिका कसूर सम्बन्धी मार्गदर्शन समेत थप तर्जुमा गर्न तथा विगतमा जारी मार्गदर्शनलाई परिमार्जन गर्ने समेतको काम नियमित रुपमा गर्न एक विशेष संरचना नै स्थापना गर्न उपयुक्त हुनेछ।

### ४.४.१२ न्यायिक जनशक्तिको मर्यादा, हकहितको सुरक्षा र क्षमता अभिबृद्धि

न्याय सम्पादन आफैँमा चुनौतीपूर्ण र विशिष्टकृत कार्य हो। उच्च मनोबलयुक्त राष्ट्रसेवकहरु र क्षमतावान न्यायाधीशहरुको समर्पणबाट मात्र न्यायपालिकालाई प्रभावकारी संस्थाको रुपमा अघि लैजान सकिन्छ।

तलबमानको निर्धारण र न्यायाधीशहरुको विद्यमान मर्यादाक्रमको कारण न्यायाधीशहरुले अत्यन्त अपहेलित महशुस गरेको प्रतिकूलतालाई मध्यनजर गरी न्यायाधीश समाजबाट ठोस पहलको थालनी भएको थियो । यसै वर्षको प्रारम्भमा सम्माननीय प्रधानमन्त्रीज्यू तथा सम्माननीय प्रधानन्यायाधीशज्यू सहितको दुवै अङ्गका जिम्मेवार पदाधिकारीहरुको उच्चस्तरीय बैठक आयोजना गरी न्यायाधीशहरुको तलबमानमा रहेको समस्याको उत्साहप्रद संबोधन भएको छ । एउटा पहलकर्ता एवं बैठकमा सहभागी सदस्यको हैसियतले म नेपाल सरकार मन्त्रिपरिषदलाई हार्दिक धन्यवाद दिन चाहन्छु। अब सबै तहका अदालतका न्यायाधीशहरुलाई मर्यादित स्थानमा राख्न जनताका प्रतिनिधि हजुरहरुप्रति मेरो विनम्र निवेदन छ । यो फगत न्यायाधीशहरुको वैयक्तिक शान र रवाफको तुष्टिकरणको लागि मात्र भनिएको होइन । न्याय सम्पादनको जिम्मेवारीमा रहेका न्यायाधीशहरुलाई उपयुक्त स्थानमा मर्यादा दिन सकिएन भने उनीहरुबाट निष्पादन हुने न्यायलाई मर्यादित बनाउन सकिदैन । न्याय मर्यादित नभएमा लोकतन्त्र मर्यादित बन्न सक्दैन।आवधिक निर्वाचन सम्पन्न गर्ने र अर्ध न्यायिक निकाय तथा पदाधिकारीको निरिक्षण र अनुगमन गर्ने अतिरिक्त दायित्व जिल्ला न्यायाधीशहरुमाथि नै रहेको छ। निर्वाचन सुशासन र न्यायलाई मर्यादित बनाउन तथा अर्धन्यायिक निकाय तथा अधिकारीहरुको सुपरिवेक्षणको प्रभावकारीता सुनिश्चित गर्न माननीय जिल्ला न्यायाधीशहरुलाई उपयुक्त स्थानको मर्यादामा राखिदिन म विशेष अनुरोध गर्दछु । यो यति महत्वपूर्ण विषय छ की सून्य लगानीमा सुशासन र विधिको शासनको ठूलो मूल्य स्थापित गर्न सकिने मेरो अटल विश्वास छ।

संविधान जारी भएको आठ वर्षसम्म पनि न्याय सेवाका कर्मचारीहरुको लागि अलग ऐन बन्न नसकेको कारण न्यायिक जनशक्तिमा ठूलो निराशा छाएको छ। प्रभावकारी ऐनको तर्जुमा गरी कार्यरत जनशक्तिहरूको वृत्तिविकास, सेवा सुविधा र मनोबल उच्च गर्ने अन्य मौद्रिक एवम् गैरमौद्रिक उत्प्रेरणाको उपयुक्त व्यवस्थापनसमेत त्यत्तिकै अपरिहार्य छ । आफूमा रहेको तर्जुमा सीप र समन्वयकारी कार्यशैलीको उपयोग गर्दै राष्ट्रसेवकहरुको अपेक्षा पूरा गर्न पहल गर्ने मनसुवा व्यक्त गर्दछु। समग्र न्यायिक जनशक्तिको आपूर्ति र व्यवस्थापनलाई प्रभावकारी बनाउन न्यायपालिकाले आफ्नो जनशक्ति योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्षम हुनु पर्नेछ। विगत २० वर्षको अवधिमा न्यायपालिकामा दायर हुने मुद्दाको संख्या तीन गुना बढेको छ भने जनशक्तिको दरबन्दी डेढी पनि बढ्न सकेको छैन । २०६१ सालमा न्यायपालिकामा रहेको कुल मुद्दा संख्या १,१०१०२ रहेकोमा यो वर्ष कुल मुद्दा संख्या ३,३७,६०२ पुगेको छ तर जनशक्ति भने ४,१११ बाट बृद्धि भई ६,१८१ मात्र भएको छ। न्यायिक कार्यको लागि आज न्यायिक जनशक्ति विना मौद्रिक उत्प्रेरणा अहोरात्र खटिरहनु परेको छ। साथै, बदलिँदो परिवेश, आर्थिक सामाजिक क्षेत्रमा भएको परिवर्तन, सूचना

प्रविधिमा भएको विकासलगायतका कारणले अदालतमा जटिल र संवेदनशील प्रकृतिका विवादहरूसमेत आउने भएकोले न्यायिक जनशक्तिलाई सो अनुरूपको आवश्यक ज्ञान, सीप र तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्दै लैजानुपर्ने हुन्छ । न्यायाधीशहरुले समेत स्वयं न्यायिक जानकारीमा लिनु पर्ने विषयहरुको दायरा फराकिलो बन्दै छ भने ज्ञान, अनुभव र सीपको क्षितिजलाई निरन्तर फैलाउन सक्नु पर्नेछ। साथै आफूसंग रहेको न्याय र कानूनसंग सम्बन्धित ज्ञान, सीप र अनुभवको उपयोग गरी न्यायिक जनशक्तिको क्षमता अभिबृद्धिमा समेत केही हदसम्म योगदान गर्नुपर्नेछ ।

### ४.४.१३ न्यायमा पहुँच अभिबृद्धि

पहुँचयोग्य न्याय प्रणाली आधुनिक राज्यको आधारभूत शर्त हो । नेपालको संविधानले न्यायमा सहज पहुँचको संवैधानिक प्रत्याभुति गरेको छ । न्यायमा सहज पहुँच अदालतको एक्लो प्रयासबाट मात्र सम्भव हुन सक्दैन । न्यायमा पहुँचका बहुआयामिक र अन्तरसम्बन्धित सवालहरू रहेका छन् । यसको सुनिश्चितताको लागि नेपाल सरकारलगायत सम्बद्ध निकायहरूको भुमिका र जिम्मेवारी त्यत्तिकै महत्वपूर्ण हुन्छ । तथापि, यसको केन्द्रविन्दुमा न्यायपालिका रहने भएकाले सोही जिम्मेवारीबोधका साथ न्यायपालिकाले विगत केही वर्षदेखि सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको गठन गरी विभिन्न प्रयासहरू गर्दै आएको सर्वविदितै छ। हाम्रो राज्य व्यवस्था वाञ्छित मात्रामा जनमैत्री र जनहितैषी नभई प्रभावकारी बन्न नसक्नुको मुख्य कारण महत्वपूर्ण अङ्गहरुवीचको सम्वादहिनता हो भन्ने मेरो अनुभवमा आधारित सिकाई छ। सर्वोच्च अदालतमा रहेको न्याय क्षेत्र समन्वय समितिको छाताभित्र नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव र सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारको एक संरचना खडा गरी नियमित समन्वय र सम्वादको माध्यमबाट समस्याको समाधान गर्ने र न्यायमा पहुँचको लागि आवश्यक कानून, संरचना र स्रोत साधनको व्यवस्थापन गर्ने दिशामा केही पहल गर्न आवश्यक महशुस गरिएको छ। राजश्व न्याय प्रशासनलाई स्वच्छ र न्यायपूर्ण बनाउन कानूनी संरचनामा सुधार र न्यायाधिकरणको क्षमता बृद्धिको टडकारो आवश्यकता छ। साथै नेपाल सरकारका सम्बद्ध निकाय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार एशोसिएसन तथा स्थानीय न्यायिक समितिसंगको समन्वय र सहकार्यमा न्यायमा पहुँच अभिवृद्धिको कार्यलाई थप प्रभावकारी बनाउन निरन्तर लागिरहने बचनबद्धता प्रकट गर्दछु। न्यायका उपभोक्तालाई तेस्रो पक्षको सहयोग विना अदालतबाट लिनु पर्ने न्यायिक सेवा लिन सक्ने गरी सक्षम बनाउन हरेक अदालतमा एस.एम.एस. सेवा, हेल्लो अदालत कार्यक्रम र परामर्श सेवाको थालनी गरी प्रभावकारी बनाउन पर्ने देखिएको छ। पूर्ण प्रेस स्वतन्त्रताको संवैधानिक

मूल्यलाई प्रवर्द्धन गर्दै कसूरदार नठहरिएसम्म निर्दोष मानिने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तलाई बचाउन र संप्रेषित सूचनाबाट न्याय सम्पादनको स्वच्छता र निष्पक्षतामा प्रतिकूल प्रभाव पर्न नदिन उपयुक्त सञ्चार नीति तर्जुमा गरी अदालत प्रशासन सञ्चार जगतसंग नियमित सम्वादमा बस्न आवश्यक देखेको छु।

अन्तमा, न्यायिक सुधारका सम्बन्धमा उपर्युक्तबमोजिम मैले प्रस्तुत गरेको अवधारणा र कार्ययोजना बमोजिम कार्यसम्पादन गर्ने वातावरण उपलब्ध गराई सम्माननीय प्रधान न्यायाधीशज्यू एवं वरिष्ठ माननीय न्यायाधीशहरुबाट महत्वपूर्ण मार्गदर्शन प्राप्त हुने अपेक्षा गरेको छु। सहकर्मी माननीय न्यायाधीशहरुलाई सामूहिकताको भावना (Team Spirit) बमोजिम समन्वयात्मक रुपमा अघि बढ्न तत्पर रहन विनम्र अनुरोध गर्दछु। राष्ट्रसेवक कर्मचारी साथीहरुबाट सदा झै न्याय सम्पादनको कार्यमा आवश्यक सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने मेरो पूर्ण विश्वास रहेको छ । यही विश्वासका साथ जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा आफ्नो सोच, दृष्टिकोण र अवधारणा राख्ने महत्वपूर्ण अवसरका लागि समितिका माननीय सभापतिज्यू तथा सम्पूर्ण माननीय सदस्यज्यूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस संसदीय सुनुवाईको प्रक्रियालाई छिटो छरितो र व्यवस्थित रुपमा सञ्चालन गर्नमा देखाउनु भएको तत्परताको लागि संघीय संसदका महासचिवज्यू, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सचिवज्यूहरु, संघीय संसद सचिवालयका सचिवज्यूहरु लगायत संसदीय सुनुवाई समितिका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र सम्बद्ध सञ्चारकर्मी साथीहरु प्रति समेत समन्वय र सहयोगको लागि हार्दिकतापूर्वक आभार प्रकट गर्दछु ।

धन्यवाद। नमस्कार

टेकप्रसाद ढुङ्गाना